धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily | राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४५ ◆ २०८३ भदौ १६ गते मंगलबार, Tuesday, September 1, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

## तीज मनाउन संकलित रकम बाढीपीडितलाई

झापा । अमर आस्था महिला सोसाइटी, भद्रपुरले हरितालिका तीज पर्वका लागि सङ्कलन गरेको रकम भोटेकोशी बाढी पीडितको राहत तथा उद्धारका लागि सहयोग गरेको छ ।

रसुवाको भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीबाट ठूलो जनधनको क्षति भएपछि यस वर्ष तीज पर्व मनाउन सङ्कलित रकम विपद् प्रभावितको राहतका लागि सहयोग गर्ने निर्णय गरेको छ ।

सोसाइटीले सोमबार रु ११ हजार १११ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको अध्यक्ष चन्द्रमाया श्रेष्ठले जानकारी दिनुभयो । अध्यक्ष श्रेष्ठका अनुसार विपद्को कठिन समयमा तीज मनाउने नाममा हुने अनावश्यक खर्च कटौती गरी पीडित परिवारको राहतमा सहयोग पुऱ्याउने उद्देश्यले रकम प्रदान गरिएको हो ।

यसअघि मेचीनगरस्थित समाज सुधार महिला समूहले पनि तीज विशेष कार्यक्रम स्थगित गरी बाढी प्रभावित नागरिकका लागि रु २१ हजार ५०० सहयोग गरेको थियो । समूहमा आबद्ध ४० जना महिला सदस्यले स्वेच्छिक रूपमा रकम सङ्कलन गरी पीडितलाई उपलब्ध गराइएको समूहको अध्यक्ष सङ्गीता थापाले जानकारी दिनुभयो ।

## गोरखामा थप सात शव व्यवस्थापन

गोरखा । भोटेकोशी बाढीका कारण मृत्यु भई रसुवा, नुवाकोटलगायत क्षेत्रबाट त्रिशूली नदीले बगाएर गोरखाका नदी क्षेत्रमा फेला परेका थप सात शव सोमबार व्यवस्थापन गरिएको छ । गोरखास्थित गण्डकी गाउँपालिका र सहिदलखन गाउँपालिकाको क्षेत्रभित्र फेला परेकामध्य तत्काल पहिचान हुन नसक्ने थप सात शव सोमबार अस्थायी रूपमा व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ ।

गोरखामा शनिबारदेखि शव व्यवस्थापन गर्न सुरु गरिएको हो । पहिचान गर्न सकिने सग्लो शव पोखरा पठाउने गरिएको जनाउँदै पहिचान गर्न समस्या हुने किसिमका शवलाई लुदीखोला घाटमा व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

भोटेकोशी बाढीले रसुवालगायत क्षेत्रबाट बगाएर ल्याएका र पहिचान गर्न नसकिने अवस्थाका, सडेगलेका सात वटा शव प्रदेश अस्पताल गोरखामा पोष्टमार्टम गरी 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## बुद्धशान्ति गाउँपालिकाद्वारा उद्धार कोषमा रु ३२ लाख ५५ हजार सहयोग

झापा । बुद्धशान्ति गाउँपालिकाले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ३२ लाख ५५ हजार १५४ जम्मा गर्ने निर्णय गरेको छ । गाउँपालिकाको विपद् व्यवस्थापन कोष, जनप्रतिनिधि, कर्मचारी तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक एवं कर्मचारीहरूबाट सङ्कलित उक्त रकम कोषमा जम्मा गर्ने निर्णय गरिएको हो ।

गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु पाँच लाख, जनप्रतिनिधिहरूको सात दिनको सेवा सुविधाबापत रु ९९ हजार तथा गाउँ पालिकाका सम्पूर्ण कर्मचारी हरूबाट रु १० लाख २० हजार सहयोग जुटाइएको छ । कर्मचारीहरूका तर्फबाट अधिकृत स्तरका कर्मचारीको सात दिन, सहायक स्तरका कर्मचारीको पाँच दिन र श्रेणीविहीन तथा सहयोगीस्तरका कर्मचारीको दुई दिनको तलब बराबरको रकम सङ्कलन गरिएको हो । यसैगरी गाउँ पालिकाभित्रका सामुदायिक विद्यालय मा कार्यरत शिक्षक तथा कर्मचारीहरूबाट रु १६ लाख ३६ हजार १५४ जम्मा भएको छ । माध्यमिक तहका शिक्षकहरूको सात दिन, आधारभूत तहका शिक्षकको पाँच दिन र सहयोगी कार्यकर्ता तथा कर्मचारीको दुई दिन बराबरको तलब रकम यस सहयोगमा समावेश गरिएको अध्यक्ष प्रसाईंले जानकारी दिनुभयो ।

## ठेक्का अलपत्र पार्ने प्रवृत्तिको अन्त्य गरिने

सुदूरपश्चिम । सुदूरपश्चिमका मुख्यमन्त्री खगराज भट्टले वर्षौंसम्म ठेक्का सम्पन्न नहुने अवस्थाको अन्त्य गरिने बताउनुभएको छ ।

धनगढीमा सोमबार सुदूरपश्चिम प्रदेश निर्माण व्यवसायी महासङ्घको प्रतिनिधि मण्डलसँगको भेटमा मुख्यमन्त्री भट्टले ठेक्का सुरु गर्ने तर वर्षौंसम्म अलपत्र पार्ने प्रवृत्ति विकासको बाधक भएको बताउनुभयो । उहाँले क्रमागत तथा बहुवर्षीय ठेक्कालाई आवश्यकता र प्राथमिकताका आधारमा अगाडि बढाइने बताउनुभयो ।

प्रदेशका कतिपय सडक आयोजना ठेक्का लागेर पनि लामो समयदेखि अलपत्र अवस्थामा रहेको उल्लेख गर्दै मुख्यमन्त्री भट्टले आयोजना कार्यान्वयनपूर्वका तयारी, सुरक्षा तथा अन्य व्यवस्थापनका काम सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । यस्ता समस्या समाधान भए निर्माण कार्यले गति लिने उहाँको भनाइ थियो ।

मुख्यमन्त्री भट्टले निर्माण क्षेत्रसँग सम्बन्धित नीतिगत तथा कानुनी समस्या समाधान गर्ने जिम्मेवारी राज्यको भएको बताउँदै निर्माण व्यवसायीहरूले सम्झौताअनुसारका काम समयमै सम्पन्न गर्न तदारुकताका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो । प्रदेश सरकारले लामो समयदेखि अड्किएर रहेका सडक तथा अन्य पूर्वाधार आयोजनालाई तदारुकताका साथ अघि बढाउने संकल्प गरिसकेको बताउँदै मुख्यमन्त्री भट्टले अब निर्माण कार्यलाई निश्चित गति र परिणाममुखी ढङ्गले अघि बढाउनुपर्ने बताउनुभयो ।

## भोटेकोशी बाढीः सम्पर्कविहीन घर फर्किने आशामा

❑ *राजकुमार पराजुली*

महेन्द्रनगर । जोनापुरका विनोद डगौराले छोरो घर फर्किने आशामा बसेको सोमबार पाँच दिन बित्यो ।

भोटेकोशी बाढीका कारण छोरा सम्पर्कमा नआएकाले डगौराका परिवार चिन्तित छन् । रसुवाको स्याफ्रुबेंसीस्थित जलविद्युत् आयोजनामा मजदुरी गर्थे उनका छोरा । गत जेठ महिनामा छोरा दीपेन्द्र रसुवा गएका थिए । डगौराका परिवार दीपेन्द्रको खोजीका लागि काठमाडौं जाने तयारी हुँदै गर्दा कृष्णभीरको पहिराका कारण रोकिन पर्यो । "दुई दिनअघि परिवारको सर्म्पकमा नरहेका यहाँका चार जना काठमाडौं जाने भन्दै थियौं", डगौराले भन्नुभयो, "सडक अवरुद्ध भयो भनेपछि रोकियौं । जहाजमा जाने क्षमता भएन ।" दीपेन्द्र घरका एक्ला छोरा हुन् । बाढी आउनु केही दिनअघिसम्म परिवारको सर्म्पक भए पनि बाढीपछि उनको अवस्थाबारे कुनै जानकारी छैन ।

"परिवारको एक्लो छोरा हुन् दीपेन्द्र । अब त सर्म्पकमा आउने आशा पनि न्यून हुँदै गयो", उहाँले भन्नुभयो, "छोरो सम्पर्कविहीन भएपछि परिवारमा दुःख आइलागेको छ ।" गाउँका अन्य युवासँग रसुवा गएका दीपेन्द्रका साथीसमेत परिवारको सम्पर्कभन्दा बाहिर छन् । उहाँले छोराको सकुशल रिहाइको आशा मारेका छैनन् । "सबैतिर सरकारले उद्धार गरिरहेकाले कति सुरक्षित ठाउँमा छोरो भेटिन्छ की जस्तो लाग्छ", उहाँ भन्नुहुन्छ ।

टिमुरे भन्सारमा कार्यालयमा कार्यरत भीमदत्त नगरपालिका-१३ बडैपुरका नरेशदत्त जोशीका आफन्त पनि खोजीका लागि काठमाडौं पुगेका छन् । काठमाडौं पुगेका जोशीको छोरीज्वाई टीका भट्टले आशा मारेका छैनन् । "टिमुरे भन्सारबाट ज्यान जोगाएर आएका भन्सार कर्मचारीसित भेट गरें", भट्टले भन्नुभयो, "टिमरे बजार नै बाढीले बगाइसक्यो । शवहरु अहिले पनि त्यहाँ छरपष्ट छन् भन्ने सुनियो ।"

गत शुक्रबार काठमाडौं पुगेका भट्टले टिमुरे भन्सार कार्यालयबाट सर्म्पकविहीन १५ जना कर्मचारीका आफन्त खोजीका लागि काठमाडौं पुगेको बताउनुभयो । त्यसैगरी, यहाँको लालझाडी गाउँपालिका-५ का पदमसिंह साउद अपर त्रिशूली जलविद्युत् आयोजनामा काम गर्थे । बाढी आउनुअघि सोही दिन बिहान साढे ७ बजे परिवारका सदस्यहरुसित कुराकानी भएको



साउदका भतिज खडक थापाले जानकारी दिनुभयो । "काकाको प्रायः राति डियुटी हुनाले त्यो दिन बिहान घरमा कुरा गरेर सुत्छु भनेर फोन राख्नुभयो । त्यसपछि सर्म्पक नै भएन", थापाले भन्नुभयो, "परिवारका सदस्यले फर्किने आशा मारिसकें ।" उहाँले काका बस्ने जलविद्युत् आयोजनाको क्याम्प नै बाढीले बगाइसकेकाले फर्किने आशा मरिसकेको बताउनुभयो । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले भोटेकोशी बाढीबाट कञ्चनपुर घर भएका ३९ जना मध्ये सात जना मात्रै परिवारको सर्म्पकमा आएको बताउनुभयो । "दुई जना उपचाररत र सात जना परिवारको सम्पर्कमा आउनुभयो", उहाँले भन्नुभयो, "अन्यको खोजी कार्य जारी छ । प्रहरी प्रधान कार्यालयसित नियमित समन्वय हुँदैछ", उहाँले भन्नुभयो ।

## बाढी प्रभावित बस्ती जोड्न धमाधम तुइन निर्माण गरिँदै

❑ *प्रत्यूष समाचारदाता*

त्रिशूली । नुवाकोटको सदरमुकाम विदुरसँग सम्पर्क कायम गर्ने उद्देश्यका साथ धमाधम तुइन निर्माण सुरु गरिएको छ ।

त्रिशूली नदीमा आएको बाढीले पुल बगाउनुका साथै सडकमा क्षति पुऱ्याएपछि विदुरसहित रसुवासम्मको सडक यातायात अवरुद्ध भएको छ । त्रिशूली अस्पतालसहित जिल्लाका विभिन्न क्षेत्र र रसुवासँगको सडक यातायात यही भदौ १० गतेदेखि बन्द छ ।

बाढी प्रभावित क्षेत्रको खोज तथा उद्धार, शव व्यवस्थापन र राहत वितरणमा समस्या भएकाले तत्काल आवागमन सहज बनाउन तुइन निर्माण थालिएको विदुरका नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालका लागि औषधि तथा अन्य आवश्यक सामग्री ल्याउन विदुर -१ इन्द्रायणी चौरदेखि विदुर-१ गुम्बा जोडने तुइन निर्माण भइरहेको छ । करिब ३०० मिटर लामो उक्त तुइन निर्माण अन्तिम चरणमा पुगेकाले मङ्गलबारदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

यस्तै, बाढीले देवीघाटको पक्की पुल बगाएपछि विदुरसँग बेलकोटगढी नगर पालिकाको सम्पर्क स्थापित गर्न पनि तुइन निर्माण सुरु गरिने भएको छ । उक्त स्थानमा मङ्गलबार बिहानदेखि काम सुरु गरी छिट्टै सञ्चालनमा ल्याउने लक्ष्य राखिएको पूर्वाधार विकास कार्यालय नुवाकोटका प्रमुख सुजन थापाले जानकारी दिनुभयो । उहाँका अनुसार त्रिशूली नदीमा आएको बाढीले नुवाकोट र रसुवाका १८ वटा पक्की पुलमा क्षति पुर्याएको छ । केही बस्तीमा घुमाउरो बाटोबाट जान सकिने भए पनि नुवाकोटको किस्पाङ तथा र सुवाको ठूलोगाउँ, डाँडागाउँलगायत त्रिशूलीपारि का बस्तीमा सडकबाट पुग्न नसकिने भएकाले तुइन निर्माण गरी आवागमन सहज बनाइन लागिएको हो ।

नेपाली सेना, स्थानीय पूर्वाधार विकास कार्यालय र विदुर नगरपालिकाको प्राविधिक सहयोगमा विदुरबाट त्रिशूली नदी पार गर्न पाँच स्थानमा तुइन निर्माण गर्ने तयारी गरिएको छ । एक स्थानमा तुइन निर्माण गर्न करिब रु १५ लाख खर्च हुने प्रारम्भिक अनुमान गरिएको छ । यस्तै, बेलिब्रिज निर्माणका लागि नेपाली सेनाले प्राविधिक अध्ययन अघि बढाएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह र पूर्वाधार विकासमन्त्री सुनील लम्सालले केही दिनअघि बाढी प्रभावित क्षेत्रको अवलोकन गर्नुहुँदै त्रिशूली नदी वारपारका लागि उपयुक्त स्थानमा तत्काल बेलिब्रिज निर्माणको प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको थियो ।

त्यसपछि नेपाली सेनाको प्राविधिक टोलीले बाढीबाट क्षतिग्रस्त ढुङ्गेबगर, त्रिशूली बजार, देवीघाट र बेत्रावतीमा पुल निर्माणका लागि अध्ययन थालेको हो ।

## बडीमालिका स्वास्थ्य शिविरबाट नौ सयभन्दा बढी तीर्थयात्री लाभान्वित

सुदूरपश्चिम । धार्मिक तथा पर्यटकीय क्षेत्र बडीमालिकामा यही भदौ ११ गतेसम्म लागेको मेलाका अवसरमा सञ्चालित स्वास्थ्य शिविरबाट नौ सयभन्दा बढी तीर्थयात्री लाभान्वित भएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालयको आयोजना, सशस्त्र प्रहरी गुल्म बाजुराको समन्वय तथा सशस्त्र प्रहरी फिल्ड अस्पताल अत्तरियाको प्राविधिक सहयोगमा सञ्चालित शिविरबाट ९०५ जना तीर्थयात्री लाभान्वित भएका हुन् । वैद्यनाथ बाहिनीले आज सार्वजनिक गरेको विवरणअनुसार सशस्त्र प्रहरी निरीक्षक डा चेतबहादुर धामीको नेतृत्वमा बडीमालिका मन्दिर परिसरमा यही भदौ १ देखि ११ र नाटेश्वरीमा भदौ ८ देखि १२ गतेसम्म शिविर सञ्चालन गरिएको थियो । ती शिविरबाट ४१५ महिला र ४९० पुरुष गरी ९०५ जनाले प्राथमिक उपचारसहितको स्वास्थ्य सेवा लिएका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदीले जानकारी दिनुभयो ।

शिविरमा ज्वरो, रुघाखोकीलगायत स्वास्थ्य समस्या देखिएका बिरामीलाई उपचारसँगै आवश्यक औषधिसमेत वितरण गरिएको उहाँले बताउनुभयो । शिविरको नेतृत्व गर्नुभएका डा धामीका अनुसार अधिकांश बिरामीमा लेक लाग्ने, अक्सिजनको कमी तथा मौसम परिवर्तनका कारण रुघाखोकी र ज्वरो आउने समस्या देखिएको थियो । त्यसक्रममा जटिल अवस्थाका बिरामीलाई उद्धार गरी थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा 'रिफर'समेत गरिएको उहाँले बताउनुभयो । यसैगरी, त्रिवेणी नगरपालिकाको स्वास्थ्य शाखाले पनि बडीमालिकालगायत क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गरेको थियो । नगरपालिकाले सञ्चालन गरेका ती शिविरबाट एक हजार १६९ तीर्थयात्रीले स्वास्थ्य सेवा लिएका जनाइएको छ । चार हजार २०० मिटर उचाइमा रहेको बडीमालिकामा यस वर्ष गत वर्षको तुलनामा दोब्बर तीर्थयात्री पुगेको अनुमान गरिएको छ । गत वर्ष करिब ४५ हजार भक्तजनले बडीमालिका माताको दर्शन गरेको अनुमान थियो । यस वर्ष भक्तजनको सहजताका लागि भदौ १ गतेदेखि नै बडीमालिकामा पूजा सुरु गरिएको थियो ।

सम्पादकीय ....

## हिमपहिरोबाट कति सुरक्षित ?

२०८३ भदौ १० गते रसुवाको भोटेकोशी र आसपासका क्षेत्रमा आएको विनाशकारी बाढी सामान्य थिएन । चट्टान, बरफ, माटो र पानीको विशाल बहाव एकै पटक तल झर्दा नदीको स्वरूप नै बदलिएको थियो । रोयटर्सले सन् २०२६ सेप्टेम्बर ३ मा प्रकाशित गरेको विवरणमा बाढीले त्रिशूली नदीआसपासका बस्तीमा ठूलो विनाश गरेको र हजारौं घर तथा पूर्वाधार प्रभावित भएको उल्लेख गरेको छ ।

अझ भयावह कुरा के छ भने यो विपत्को मानवीय हिसाब अझै पूरा भएको छैन । खोज तथा उद्धार जारी छ । परिवारहरू आफ्ना आफन्तको खबर कुरिरहेका छन् । कोही शवको प्रतीक्षामा छन् । कोही अझै जीवित फर्किने आशामा छन् । कतिपय परिवारका लागि पानी रोकिए पनि विपत् रोकिएको छैन । उनीहरूका लागि बाढी अझै जारी छ ।

यो विपत्को आर्थिक मूल्य पनि सामान्य अनुमानले समेट्न सक्ने खालको छैन । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रारम्भिक रूपमा पुनर्निर्माणका लागि चार देखि पाँच अर्ब अमेरिकी डलर लाग्न सक्ने बताउनुभएको छ । रोयटर्सका अनुसार यो नेपालको अर्थतन्त्रको झन्डै १० प्रतिशत बराबरको रकम हो । पुल, सडक, जलविद्युत् आयोजना, घर, व्यापारिक संरचना र अन्य पूर्वाधार पुनर्निर्माण गर्न ठूलो रकम चाहिने छ तर एउटा कुरा हामीले बिर्सनु हुँदैन । पाँच अर्ब डलरले घर बनाउन सकिन्छ । सडक बनाउन सकिन्छ । पुल बनाउन सकिन्छ । बजार फेरि उठाउन सकिन्छ । अर्थतन्त्र फेरि चलाउन सकिन्छ तर मानिस फर्काउन सकिँदैन ।

यहींबाट रसुवाको बाढीलाई केवल एउटा प्राकृतिक विपत्का रूपमा हेर्ने कि यसलाई बदलिँदो जलवायु र बदलिँदो हिमाली वातावरणको ठूलो चेतावनीका रूपमा बुझ्ने भन्ने प्रश्न उठ्छ । यस घटनालाई अहिले नै 'जलवायु परिवर्तनकै कारण भएको बाढी' भनेर ठोकुवा गर्नु वैज्ञानिक रूपमा उचित हुँदैन होला । यसको तत्काल कारणबारे अझ विस्तृत अध्ययन आवश्यक छ । प्रारम्भिक वैज्ञानिक विवरणले भने हिमनदी, चट्टान, बरफ र पानीको ठूलो बहाबले विपत्को तीव्रता बढाएको सङ्केत गरेका छन् ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (आइसीआइएमओडी) को पछिल्लो अध्ययनले हिन्दुकुश हिमालयका हिमनदीमा बरफ गुम्ने दर सन् २००० पछि दोब्बर भएको देखाएको छ ।

सन् १९७५ यता यस क्षेत्रमा हिमनदीको बरफ उल्लेख्य रूपमा घटेको छ हाम्रो जीवनमा पुग्छ । त्यसैले हिमाल पग्लिनु काठमाडौंमा बसेर हिमालको तस्बिर हेर्ने विषय मात्रै होइन । त्यसैले प्रश्न अब 'प्रकृति किन रिसाइन् ?' भन्ने मात्र होइन । प्रश्न यो पनि हो, हामीले प्रकृतिले दिएका सङ्केत कति सुन्यौं ? हामीले नदीका किनारामा बस्ती विस्तार गर्‍यौं । जोखिमयुक्त भूभागमा सडक काट्यौं । रोजगारी चाहिन्छ तर अब विकासको अर्को प्रश्न पनि हुनु पर्छ, भोलिको बदलिँदो मौसमका लागि हामीले आज बनाइरहेका संरचना कति सुरक्षित छन् ?

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# शान्ति उद्यानले खोल्दैछ मनोरञ्जनसँगै आम्दानीको ढोका

*नारायणी रजौरे*

बर्दियाको गेरुवा गाउँपालिकाका ५६ वर्षीय शिवराज चापागाईंलाई तुलसीपुर उपमहानगरपालिका-७ मा अवस्थित राप्ती शान्ति उद्यानको भ्रमण गर्दा जीवनमै पहिलोपटक मनमोहक स्थानमा पुगेको अनुभूति भयो । उहाँ भन्नुहुन्छ, "उद्यान देख्दा निकै आनन्द आयो, पार्कको बारेमा धेरैको मुखबाट सुनेको थिएँ तर आज प्रत्यक्ष घुम्न पाउँदा खुशी लाग्यो । यहाँको सुन्दरताले आफू लोभिएको छु ।"

उहाँलाई आफन्तको घरमा भेटघाटका लागि आएको मौकामा पार्क घुम्ने अवसर मिलेको थियो । "पार्कको बारेमा पहिले सुनेको त थिए तर यति सुन्दर र व्यवस्थित होला भन्ने यही आएर मात्र थाहा भयो", उहाँ भन्नुहुन्छ । सोही पार्कमा भेटिनु भएकी कपिलवस्तुको तौलिहवाकी ५५ वर्षीया शारदादेवी गुप्ताले उद्यान अवलोकनका लागि आएको बताउनुभयो । शिक्षण पेशामा रहेको बताउनु हुने उहाँ शनिबार र आइतबारको बिदाको सदुपयोग गर्दै शिक्षक, विद्यार्थीहरुलाई पनि यहाँका विभिन्न पर्यटकीय तथा धार्मिक स्थल अवलोकनका लागि ल्याउनुपर्ने धारणा राख्नुहुन्छ ।

श्रीगणेश सामुदायिक वनभित्र निर्माण गरिएको यस उद्यानको शान्त मनोरम दृश्यले जो कोहीलाई लोभ्याउने गरेको छ । सशस्त्र द्वन्द्वको समयमा देशमा शान्तिको सन्देश दिन भन्दै निर्माण गरिएको यस उद्यान अहिले जिल्लाकै प्रमुख पर्यटकीय केन्द्र बन्न सफल भएको छ । यस क्षेत्रका नागरिक, समाजसेवी, उद्योगी, व्यापारी, सरकारी निकाय, वन समूहका पदाधिकारी तथा उपभोक्ताहरु सम्मिलित बृहत् भेलाबाट देशमा शान्तिको सन्देश फैलाउने उद्देश्यले निर्णय गरिएको हो ।

स्थानीय युवा तथा सामुदायिक वनका उपभोक्ता हरि रिजालको संयोजकत्वमा निर्माण समिति गठन गरी २०५९ माघ ८ गते देखि त्यहाँ पार्क निर्माणको काम सुरु गरिएको थियो । पार्क निर्माणको लागि आवश्यक पर्ने जग्गा स्थानीय गणेश सामुदायिक वन उपभोक्ता समितिले उपलब्ध गराएको थियो ।

सुरुमा नेपाल सरकार स्थानीय विकास मन्त्रालयबाट रु ३७ लाख ५० हजार अनुदान प्राप्त भएको र सो रकमबाट पार्क निर्माणको कामको थालनि गरीएको पार्क व्यवस्थापन समितिले जनाएको छ । त्यसपछि पनि पटक पटक गरी सरकारी निकाय, तुलसीपुर उपमहानगर नगरपालिका, यस क्षेत्रका जनप्रतिनिधि, लुम्बिनी प्रदेश सरकारबाट प्राप्त आठ करोड रुपैयाँबाट समितिको कार्यालय भवन, पर्खाल, शौचालय, गेट, वनभोजस्थल लगायतका चिडियाखाना, गौतमबुद्धको मूर्तिलगायतका थुप्रै पूर्वाधार निमार्णमा खर्च गरिएको श्री गणेश सामुदायिक वनका अध्यक्ष डिल्ली भण्डारीले जानकारी दिनुभयो ।

विगतका वर्षमा झाँडी र निलकाटा मात्र रहेको यो ठाउँ अहिले यहाँका वन समूहका उपभोक्ता, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी स्थानीयवासी, सञ्चारकर्मी, आम यस क्षेत्रका बुद्धिजीवी, व्यापारी, नागरिक अगुवा सरकारी निकायले गरेको अमूल्य योगदानले गर्दा आन्तरिक र बाह्य पर्यटक भित्र्याउने ठूलो केन्द्र बनेको छ । पहिले सुनसान रहेको यस क्षेत्र अहिले व्यापारिक केन्द्र बनेको छ । घरघरमा सामान खरिद तथा बिक्रिका लागि पसल रहेका छन् । राप्ती राजमार्गअन्तर्गत तुलसीपुर-सल्यान सडक खण्डदेखि तीन किलोमिटर उत्तरमा रहेको श्रीगै गाउँबाट झन्डै डेढ पूर्वमा पर्ने सो पार्कको पूर्व दक्षिण सिमानामा वन तथा जङ्गल, पश्चिम तथा उत्तरतर्फ गणेशपुर गाउँ पर्दछ ।

यस उद्यान अवलोकन, घुमघामका लागि स्वदेशी मात्र नभई विदेशी पर्यटकहरु पनि आउने गरेका छन् । वर्षादको समयले पनि अवलोकन गर्न आउने पर्यटकलाई रोकेको छैन । उद्यानमा घुमघामका लागि धैरै जिल्लाका र भारतबाट समेत पर्यटकहरु घुम्न आउने सङ्ख्या



बढेको पार्क व्यवस्थापन समितिले जनाएको छ । त्यहाँ निर्माण गरिएको शान्ति वाटिकामा पर्यटकहरुले जन्मदिन, बेबी सावर, प्रेम दिवस, वैवाहिक वर्षगाँठलगायत मनाउन आउनेहरुको भिड नै लाग्ने गर्दछ । आर्थिक वर्ष २०८२/८३ मा तीन लाख ५० हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकले सो उद्यान अवलोकन गरेका थिए । यहाँ आउने पर्यटकहरुले तस्बिर खिच्ने, टिकटक बनाउने रमाइलो गर्ने गरेका छन् ।

यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकले तिर्ने गरेको शुल्क पार्कको मुख्य आम्दानीको स्रोत हुने गरेको छ । उद्यानको अवलोकन, घुमघाम गर्ने र त्यस क्षेत्रमा वनभोज खान दैनिक चार-पाँच सयको सङ्ख्यामा पर्यटकहरु आउने गरेको राप्ती शान्ति उद्यान व्यवस्थापन समितिका अध्यक्ष सुधिर केसीले बताउनुभयो ।

उहाँका अनुसार पार्क अवलोकन गर्न आउनेहरुबाट प्रतिव्यक्ति रु ५० शुल्क निर्धारण गरिएको छ भने वनभोज खान आउने समूहबाट रु तीन सयदेखि पाँचसयसम्म शुल्क निर्धारण गरिएको छ । अहिले सो पार्कमा १६ जनाले रोजगारी पाएका छन् । सामुदायिक वन उपभोक्ता समितिका कोषाध्यक्ष बोधप्रसाद खनालका अनुसार पर्यटक शुल्क, माछापालन, पिक्निक स्पोट भाडामा दिएवापत शुल्क, विभिन्न जातजातिका पोसाक, क्यामेरा, पार्किङ शुल्कबाट करिब वार्षिक रु दुई करोड २० लाख आम्दानी हुने गरेको छ ।

उद्यानबाट भएको आम्दानी कर्मचारीको खर्च व्यवस्थापन, त्यहाँ पालन गरिएका पशुपंक्षीको आहार तथा उद्यानमा थप संरचना निर्माणमा खर्च हुने गरेको छ । सबै खर्च कटाएर बचत भएको रकम संस्थाको खातामा जम्मा गरिने खनालले बताउनुभयो । तीनै तहका सरकार, विभिन्न क्षेत्रबाट यसको विकास र विस्तारका लागि पटकपटक गरी रु आठ करोड र स्थापनादेखि हालसम्म उपभोक्ताबाट रु सात करोड गरी यहाँ १५ करोड लगानी भइसकेको बताइएको छ । करिब १५ हेक्टर क्षेत्रफलमा फैलिएको सो उद्यानको मनमोहक दृश्यले सबैलाई लोभ्याउने गरेको छ । उद्यानको उत्तरतर्फ बालबालिकाहरुका लागि बाल निर्माण गरिएको क्षेत्रमा बेबी रेल, पिङ, चिप्लेटी र नजिकैमा स्विमिङ पुलको निर्माण गरिएको छ । त्यसैगरी सो पार्क चराचुरुङ्गीको मधुर स्वर र प्राकृतिक तथा जैविक विविधताले पनि उद्यानलाई भरिपूर्ण पारेको छ । त्यहाँ विभिन्न प्रजातिका वनस्पति र फूलहरुको बगैँचाको सुन्दरता थपेका छन् । त्यसैगरी, उत्तरतर्फ सानो चिडियाखाना पनि निर्माण गरिएको छ । यहाँ चितुवा, दुम्सी, घोरल, खरायो, मृग, चित्तल उल्लुलगायतका विभिन्न प्रजातिका जनावर तथा पशुपंक्षीहरु राखिएका छन् । पार्कभित्रको मुख्य आर्कषणमा भगवान् गौतम बुद्धको प्रतिमा रहेको छ ।

मूलद्वारबाट पार्कभित्र प्रवेश गरेपछि सुरुमै बुद्धको प्रतिमा देख्न सकिन्छ । त्यस्तै त्यहाँ हात्ती, गैँडा, जिराफ, जेब्रा, घोडा, चिपान्जी, गोही लगायतका जनावरहरुको अकृति फाइबर र कङ्क्रिट बाट निर्माण गरी राखिएका छन् । ती तस्वीरहरुसँग सानासाना बालबालिका र युवाहरुले फोटो खिच्ने, मनोरञ्जन लिने गर्दछन् ।

यस उद्यानमा पर्यटकहरुलाई फोटो तथा भिडियोबाट मनोरञ्जन लिनका लागि मगर, नेवार, थारु, तामाङलगायतका जातिहरुले प्रयोग गर्ने पोसाकको पनि व्यवस्था छ । ती पोशाक लगाएर फोटो खिच्ने, टिकटक बनाउनको सङ्ख्या पनि दिनहुँ बढिरहेको देख्न पाइन्छ । सो क्षेत्रमा एउटा बोटिङ पुल एक कृत्रिम जलाशय निर्माण गरिएको छ । पर्यटकहरुलाई डुङ्गामा सयर गराउन र जङ्गली जनावरको सरक्षणका लागि जलाशय निर्माण गरिएको हो ।

त्यस्तै उद्यानमा आदिकवि भानुभक्त आचार्यको प्रतिमा पनि राखिएको छ । हाल सो उद्यानमा निर्माण गरिएको ग्लोवल फाउन्टेनले विद्यार्थीहरुलाई पृथ्वी कसरी घुम्छ भने बारेमा जानकारी हुने बताएको छ । पर्यटकहरुलाई मनोरञ्जन दिन र आम्दानीको स्रोतका लागि जीप लाइन बनाउने लक्ष्य रहेको पार्क व्यवस्थापन समितिका संयोजक केसी बताउनुहुन्छ ।

पर्यटकलाई निःशुल्क आँखा उपचार सुरु

राप्ती शान्ति उद्यानको अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई साप्ताहिक रुपमा निःशुल्क आँखा उपचार सेवा सुरु गरिएको छ । उद्यानको अवलोकन गर्न आउने बाह्य तथा आन्तरिक पर्यटकहरुका लागि राप्ती आँखा अस्पताल रक्षाचौरको प्राविधिक सहयोग तथा राप्ती शान्ति उद्यानको साझेदारीमा प्रत्येक शनिबार निःशुल्क आँखा उपचार सेवा प्रदान गरिएको पार्क व्यवस्थापन समितिका अध्यक्ष सुधिर केसीले जानकारी दिनुभयो । राप्ती आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्ण गिरिले राप्ती शान्ति उद्यानमा साप्ताहिक रुपमा पर्यटकहरुका लागि आँखा उपचार सेवा प्रवाह गरेको बताउनुभयो । उहाँले उद्यानमा स्थापना गरिएको आँखा उपचार केन्द्रमा आउने बिरामीहरुको निःशुल्क आँखा परीक्षण गरिनुका साथै मोतिबिन्दुको शल्यक्रिया गर्नुपर्ने बिरामी फेला परेमा अस्पतालले ५० प्रतिशत छुटको व्यवस्था मिलाएका छौं भन्नुभयो ।


## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- **सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,**
- **सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,**
- **ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,**
- **सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,**
- **चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,**
- **चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,**
- **सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं / नचढाऔं,**
- **ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,**
- **सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं ।**

**अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# बाढीप्रभावितलाई होल्डिङ सेन्टरमै राहत सामग्री

नुवाकोट । जिल्ला विपद् व्यवस्थापन समितिले भोटेकोशी बाढीबाट प्रभावितलाई होल्डिङ सेन्टरमै राहत सामग्री वितरण गरेको छ। समितिमा प्राप्त राहत सामग्री एकीकृत रुपमा सङ्कलन गरी आवश्यकताका आधारमा वितरण गरिएको हो ।

नुवाकोटमा १३ वटा होल्डिङ सेन्टर स्थापना छन्। ती होल्डिङ सेन्टरहरू विदुर नगरपालिकामा नौ वटा, किस्पाङ गाउँपालिकामा दुई वटा, सूर्यगढी गाउँपालिका र बेलकोटगढी नपामा एक-एक वटा छन् । "बाढीप्रभावितलाई दाता तथा इच्छुकले दिन चाहेका राहत सामग्री एकद्वार प्रणालीअन्तर्गत जिल्ला विपद् व्यवस्थापन समितिमार्फत सङ्कलन गरिरहेका छौँ", समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले भन्नुभयो, "त्यसैअनुसार आवश्यकताका आधारमा ती सामग्री हामीले होल्डिङ सेन्टरमा पठाइरहेका छौँ ।" सङ्कलित सामग्री गाडी नपुग्ने स्थानमा हेलिकप्टरमार्फत पठाइएको उहाँले जानकारी दिनुभयो ।

बाढीपीडितलाई होल्डिङ सेन्टर सञ्चालन गरी खाना तथा बासको व्यवस्था मिलाउने कार्यमा स्थानीय तहले सहजीकरण गरिरहेको छ । "प्रत्येक होल्डिङ सेन्टरमा हामीले स्वास्थ्य जाँच र पारिवारिक पुनर्मिलनको व्यवस्था मिलाएका छौँ", विदुर नगरपालिका प्रमुख राजन श्रेष्ठले भन्नुभयो, "बाढीबाट पुगेको जनधन क्षतिका विवरण सङ्कलनसँगै प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरेर काम गरिरहेका छौँ ।"

राहत सामग्री सङ्कलन तथा वितरणलाई एकद्वार प्रणाली बनाउने भनिए पनि केही दाता तथा व्यक्तिले सहज पहुँच भएका होल्डिङ सेन्टरमा पुगेर आफैँ राहत सामग्री उपलब्ध गराएका छन् । जसका कारण समानुपातिक रुपमा सबै होल्डिङ सेन्टरमा राहत सामग्री पुग्न सकेको छैन । दाताहरू सिधै होल्डिङ सेन्टरमा आएर राहत सामग्री दिन थालेपछि अन्य स्थानमा पनि लैजान अनुरोध गरेको विदुर नगरपालिका-५ का वडाध्यक्ष लीलानाथ न्यौपानेले बताउनुभयो। "यहाँ तत्कालका लागि पर्याप्त राहत सामग्री उपलब्ध भइसकेको छ", उहाँले भन्नुभयो, "यहाँ मात्र नभई अन्यत्र पनि राहत सामग्री लैजान हामीले अनुरोध गरेका छौँ ।"

राहत सामग्रीमा धेरैजसो चामल, दाल, चाउचाउ, बिस्कुटजस्ता खाद्य सामग्री प्राप्त भइरहेको छ। खाद्य सामग्रीको तुलनामा लत्ताकपडा कम प्राप्त भइरहेको विपद् व्यवस्थापन समितिले जनाएको छ । नुवाकोटको सबैभन्दा बाढीप्रभावित बस्तीहरूमा विदुर नगरपालिकाको बेत्रावती, त्रिशूली, ढुङ्गे, सिमचौर, देवीघाट छन् । त्यसैगरी किस्पाङ गाउँपालिकाको शान्तिबजार, नयाँ पुल, मैलुङ क्षेत्रका बस्ती प्रभावित हुँदा अधिकांशले होल्डिङ सेन्टरमा आश्रय लिइरहेका छन् । बेलकोटगढी नगरपालिकाको सबैभन्दा बढी प्रभावित बस्तीमा ठूलो खोला, बुधसिहघाट, रातमाटे, कोलचौर, केउरेनी, कोल्पुटार छन्। सूर्यगढी गाउँपालिकाको कार्यालयमा सञ्चालन गरिएको होल्डिङ सेन्टरमा भने रसुवा र नुवाकोटका विभिन्न स्थानबाट बाढीबाट ज्यान जोगाइ सुरक्षित स्थान खोजी गर्दै आइपुग्नेलाई आश्रय दिइएको छ ।

नदी पारिका क्षेत्रमा राहत वितरणमा कठिनाइ

सदरमुकाम विदुरतर्फका क्षेत्रमा राहत सामग्री वितरण सहज भए पनि नदी पारिका क्षेत्रमा वितरणमा कठिनाइ भएको छ। केही संस्थाले 'ड्रोन'मार्फत राहत सामग्री होल्डिङ सेन्टरसम्म पुऱ्याउने काम गरिरहेको छ। बाढीबाट प्रभावित नदी पारीका बस्तीहरू विदुर नगरपालिकाको वडा नं १, ३, ६, ७, ९ र १२ मा पर्छन् ।

वडा नं १ को त्रिशूली बजार, ३ को खड्गभञ्ज्याङका विभिन्न बस्ती, ६ को चैनपुर आसपास, ७ को तुप्चेका बस्तीहरू, ९ को सिलट्याङ्गीक्षेत्र र १२ को चारघरेका विभिन्न स्थान छन्। सदरमुकामदेखि त्रिशूली नदी पारी सात वटा होल्डिङ सेन्टर स्थापना गरिएका छन् । तर तादी र कोल्पुखोलाको पुल बगाएसँगै बेलकोट गढी-७ महादेव माध्यमिक विद्यालयमा सञ्चालित होल्डिङ सेन्टरसम्म राहत सामग्री पुऱ्याउन पनि हेलिकप्टर नै प्रयोग गर्नुपर्ने अवस्था छ ।

शनिबार जिल्ला समन्वय समितिद्वारा आयोजित सर्वपक्षीय छलफलमा स्थानीयले सङ्घीय सरकारलाई नदी पारीका क्षेत्रमा राहत सामग्री वितरणलाई प्राथमिकता दिन आग्रह गरेका थिए। यी क्षेत्रमा वारिका पारि र पारिका वारि विद्यालय भएका बाल-बालिका विद्यालय जाने क्रममा बाढी आएसँगै पुल बगाएपछि चारदिनदेखि घरपरिवारसँग पुनर्मिलन हुन नसक्दा समस्या भएको अभिभावकले गुनासो गरेका छन्। बाढीप्रभावितलाई केन्द्रित गरी होल्डिङ सेन्टरमा स्वास्थ्य सेवासमेत उपलब्ध गराइएको छ । हाल त्रिशूली अस्पतालसँग यातायात सुविधा विच्छेद भएको अवस्थामा पीडितहरूको शारीरिक तथा मानसिक दुवै अवस्थालाई ख्याल गरी स्वास्थ्य सेवा उपलब्ध गराइएको हो । नुवाकोटमा हालसम्म मृत्यु तथा बेपत्ताको यकिन तथ्याङ्क सङ्कलन भइसकेको छैन । जिल्लाका सरोकार भएकाहरूसँग शनिबार पहिचान नभएका शव व्यवस्थापनसम्बन्धी बैठक बसेको थियो। सो बैठकमा प्रजिअ रेग्मीले करिब तीन सय हाराहारीमा शव व्यवस्थापनको आवश्यक पर्न सक्ने बताउनुभएको थियो। जिल्लामा शनिबारसम्म ८२१ जना बाढीमा परी बेपत्ता भएको निवेदन प्राप्त भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख बिपीन रेग्मीले जानकारी दिनुभयो ।

यसैबीच, आज बिहान पनि पुनः त्रिशूलीमा जल सतह बढेकाले नदी किनारमा रहेका शव व्यवस्थापनमा चुनौती भएको छ ।

# पुरातात्विक महत्वका सम्पदाको संरक्षण गरिने

काठमाडौँ । बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले प्रदेशका पुरातात्विक महत्वका मूर्त, अमूर्त सम्पदाको संरक्षण एवं संवर्द्धन गरिने बताउनुभएको छ ।

उहाँले प्रदेशमा पुरातात्विक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण सम्पदा धेरै रहेको उल्लेख गर्नुहुँदै तिनको संरक्षण र संवर्द्धन गरी धार्मिक पर्यटन प्रवर्द्धन गरिने बताउनुभयो । प्रदेशका मूर्त, अमूर्त सम्पदा भावी पुस्तालाई पनि हस्तान्तरण गर्नेगरी उचितरूपमा तिनको संरक्षण पनि गरिने मन्त्री प्रजापतिले बताउनुभयो। बागमती प्रदेशमा ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका जात्रा, पर्व पनि धेरै रहेको उल्लेख गर्नुहुँदै उहाँले तिनलाई लोप हुन नदिने, लोप भएका यस्ता सम्पदाका बारेमा जोजी गरी पुनःस्थापना गर्नेगरी प्रदेश सरकारले नीति र कानुन बनाउने भनाइ राख्नुभयो। प्रदेशमा मूर्त, अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा विभिन्न निकायबाट आएको स्रोत, साधन एवं बजेट पारदर्शी गर्ने प्रतिबद्धता पनि मन्त्री प्रजापतिको छ।

प्रदेशका १० जिल्लामा रहेका ६४ सिद्ध लिङ्गको प्रचारप्रसार गरी यी स्थलमा धार्मिक पर्यटन प्रवर्द्धन गराउन पनि मन्त्रालयले काम गर्ने उहाँको योजना छ । आराध्यदेव भगवान् पशुपतिनाथलाई त्रिप्रदक्षिणको रुवरूपमा काठमाडौँ, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर, धादिङ, नुवाकोट, ललितपुर, सिन्धुपाल्चोक र दोलखामा ६४ सिद्ध लिङ्ग रहेका छन् । प्रदेशका उद्योगलाई क्षमता अनुसार सञ्चालनमा ल्याएर रोजगारी र उत्पादन प्रवर्द्धन गर्ने, धार्मिक, सांस्कृतिक सम्पदाका माध्यमबाट पर्यटक बढाउने पनि उहाँको भनाइ छ। प्राकृतिक पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरी प्रदेशमा धेरै पर्यटक भित्र्याउने कामलाई मन्त्रालयले प्राथमिकतामा राखेको छ। मन्त्रालयको नेतृत्वमा प्रदेशका श्रमिकलाई न्यूनतम पारिश्रमिक दिलाउन लागिपर्ने र यातायात क्षेत्रलाई व्यवस्थित बनाई यात्रुलाई सहज एवं सुलभ रूपमा गन्तव्यमा लैजाने गरी वातावरण बनाइने मन्त्री प्रजापतिको भनाइ छ ।

# बाढीमा बेपत्ता आफन्तको खोजीको कहर

काठमाडौँ। भोटेकोशी बाढीमा बेपत्ता भएका आफन्तहरूको खोजीमा उनीहरुका परिवारजन यहाँका विभिन्न अस्पताल र प्रहरी कार्यालयमा तस्बिरसहित भौँतारिरहेका छन् । बितेका पाँच दिनदेखि उनीहरुको खोजी जारी छ भने हराएकाहरुलाई जीवितै भेटिने आशा मरेको छ तर खोजीलाई निरन्तरता दिइरहेका छन् ।

भदौ १० गतेदेखि नै नुवाकोट र रसुवाको सीमामा पर्ने बेत्रावतीकी उमा गोले र उनका छोराछोरी बाढीपछि बेपत्ता छन् । उनकी बहिनी बिमा गोले दिदी र भान्जाभान्जीको खोजीमा विभिन्न निकाय तथा स्थानमा पुगिरहेकी छन्। दिदी कसरी बेपत्ता हुनुभयो र अहिले उहाँहरूको अवस्था के छ भन्नेबारे बिमालाई कुनै जानकारी छैन ।

दिदीको खोजीका लागि उनी आफन्तका तस्बिर बोकेर विभिन्न स्थानमा पुगिरहेकी छन् । दिदीबारे कुरा गर्दा उनी भावुक हुन्छिन्। बोल्दाबोल्दै भक्कानिन्छिन् । "दिदी र छोराछोरीको केही खबर पाइन्छ कि भन्ने आशामा यताउता खोज्दै हिँडेकी छु", यति भन्दै गर्दा उनको आँसु थामिएन ।

बिमा गोलेका अनुसार भदौ १० गते प्रकोप आउनुअघि बिहान ९ बजेर १४ मिनेटसम्म उमा गोलेसँग फोन सम्पर्क भएको थियो। "भाग, भाग, भाग्नुपर्छ" भन्दै कुराकानी भइरहेका बेला एकाएक फोन सम्पर्क टुटेको उहाँले लामो श्वास तान्दै बताउनुभयो । त्यसपछि उमासहित उनका छोराछोरीको कुनै खबर आएको छैन । "जीवित भेटिने आशा कम हुँदै गएको छ, तर कतै भेटिन्छन् कि भन्ने आशा अझै मरेको छैन", बिमाले बताइन्। त्यस्तै, दाङ घर भएकी धनसरी नेपाली रसुवागढीमा बाढीका क्रममा बेपत्ता भएका आफ्ना २६ वर्षीय छोरा निरज नेपालीको खोजीमा विभिन्न स्थानमा पुगिरहेकी छन् । रसुवागढीमा जेसीबी चालकका रूपमा कार्यरत निरज बाढीपछि अहिलेसम्म सम्पर्कमा आएका छैनन्। छोराको खोजीमा आमा धनसरी विभिन्न निकाय र सम्भावित स्थानमा पुगेर बिलौना गरिरहेकी छन् ।

# बाढी प्रभावित क्षेत्रमा निःशुल्क भ्वाइस, डेटा र एसएमएस सुविधा

काठमाडौँ । नेपाल टेलिकमले भोटेकोशी बाढी प्रभावित क्षेत्र र आसपासका सेवाग्राहीलाई उपलब्ध गराउँदै आएको निःशुल्क भ्वाइस, डेटा र एसएमएस सुविधा अर्को सूचना नभएसम्म निरन्तर उपलब्ध गराउने भएको छ ।

यसअघि भदौ १४ गतेसम्मका लागि निःशुल्क भ्वाइस कल, प्रतिदिन २ जिबी डेटा र ५० वटा एसएमएस सुविधा उपलब्ध गराइएको थियो। राहत वितरण तथा उद्धार कार्यलाई सहज बनाउन कम्पनीले उक्त सुविधा थप समयका लागि निरन्तरता दिएको प्रवक्ता कमल लामिछानेले जानकारी दिनुभयो ।

नेपाल टेलिकमले बाढी प्रभावित क्षेत्रका बासिन्दालाई आवश्यकता अनुसार निःशुल्क सेवा प्रयोग गर्न आग्रह गरेको छ । बाढीका कारण कम्पनीका विभिन्न भौतिक संरचनामा क्षति पुगे पनि दूरसञ्चार सेवा यथासम्भव नियमित राख्न तथा प्रभावित संरचनाको मर्मत-सम्भारका लागि प्राविधिक टोली परिचालन भएको छ ।

नेपाल टेलिकमका अनुसार बाढी प्रभावित क्षेत्रका अधिकांश संरचना पुनः सञ्चालनमा आइसकेका छन् भने बाँकी संरचना पनि यथाशीघ्र सञ्चालन गर्ने प्रयास जारी छ ।

# विपद्मा कलाकारको हातेमालो

गण्डकी । केही दिनअघि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गर्नुभएकी गायिका समीक्षा अधिकारीले शनिबार जिल्ला प्रशासन कार्यालय, कास्कीमार्फत बाढी प्रभावितका लागि खाद्यन्न लगायत अत्यावश्यक सामग्री प्रदान गर्नुभयो । गायक दुर्गेश थापा बाढीको घटनालगत्तै लत्ताकपडा, सिरक-डसना सहितका राहत सामग्री लिएर नुवाकोटका बाढी प्रभावित क्षेत्रमा पुग्नुभयो। गायक तथा अभिनेता प्रकाश सपूतले गत बिहीबार गलबन्दी प्रोडक्सन र गलबन्दी फाउण्डेशनका तर्फबाट रु एक लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग प्रदान गर्नुभयो। यी त प्रतिनिधिमूलक उदाहरण मात्र हुन्। भोटेकोशी-त्रिशूलीको विनाशकारी बाढीपछि स्वतःस्फूर्त रुपमा राहत सहयोग जुट्ने क्रम जारी छ ।

यसमा अभियानमा कलाकारहरुले पनि हातेमालो गरिरहेका छन्। गायक प्रकाश सपूतले सङ्कटको घडीमा नेपाल र नेपालीको सह-अस्तित्व, सहयोग र सद्भावको संस्कारलाई जीवन्त राख्नुपर्ने बताउनुभयो ।

विपद्को कठिन घडीमा प्रभावित नागरिक र देशको साथमा एक्यबद्धतापूर्व उभिनु कलाकारको पनि दायित्व भएको उहाँको भनाइ छ। गायक दुर्गेश थापाले बाढी प्रभावित क्षेत्रका नागरिकको पीडा असह्य खालको रहेको सुनाउनुभयो ।

बाढीमा अभिभावक गुमाएका बालबालिकाको अवस्था देख्दा आफूले मन थाम्न नसकेको उहाँले बताउनुभयो । बाढी प्रभावितका लागि सानो स्तरमा भए पनि राहत पुगोस् भनेर आफू अत्यावश्यक सहायता सामग्री लिएर बाढी प्रभावित क्षेत्रमा पुगेको गायक थापाको भनाइ छ ।

गायिका समीक्षा अधिकारीले बाढी प्रभावितको पीडामा साथ दिने प्रयास गरेको उल्लेख गर्नुभयो । सहयोग सानो वा ठूलो भन्दापनि दुःखका बेला कसैको साथमा उभिन सक्नु नै सबैभन्दा महत्वपूर्ण हुने उहाँको भनाइ छ । गायिका रचना रिमालले पनि आफ्नो तर्फबाट यथोचित सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको सामाजिक सञ्जालमार्फत जानकारी दिनुभएको छ। देशवासीको दुःख र पीडामा सकेको साथ दिनुपर्छ भन्ने भावनासहित आफूले सक्दो सहयोग गरेको उहाँले उल्लेख गर्नुभएको छ। व्यक्तिगत रुपमा मात्र नभई कलाकार सम्बद्ध विभिन्न सङ्घसंस्था पनि विपद्मा सहारा बनिरहेका छन् ।

बागलुङ कलाकार समाजले पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ७५ हजार पाँच सय ५५ सहयोग गरेको समाजका अध्यक्ष एवं गायक वसन्त थापाले जानकारी दिनुभयो । तीजको सम्मुखमा देशले व्यहोरिरहेको महाविपत्तिमा कतिपय कलाकारले देशविदेशमा हुने तीज विशेष साङ्गीतिक कार्यक्रम स्थगन गरेका छन् ।

सामूहिक दरखानेलगायत तीजका मनोरञ्जनात्मक कार्यक्रम स्थगन गरी तिनमा हुने आर्थिक खर्चलाई बाढी प्रभावितको सहयोगार्थ पठाउने क्रम बढ्दो छ । प्रबुद्ध युवा समूह, बागलुङले आगामी साता आयोजना गरेको 'गण्डकी प्रदेशस्तरीय दोस्रो अन्तरविद्यालय तीज नृत्य प्रतियोगिता' स्थगन गरी उक्त कार्यक्रमका लागि सङ्कलित रु एक लाख बाढी प्रभावित राहतमा खर्च गरेको छ। समूहको टोली बागलुङदेखि राहत सामग्री लिएर बाढी प्रभावित क्षेत्रमा पुगेको समूहका अध्यक्ष रोहित सुनारले जानकारी दिनुभयो ।

भोटेकोशी-त्रिशूलीको बाढीले पुर्‍याएको अकल्पनीय जनधनको क्षतिले यतिबेला सिङ्गो मुलुकक नै आक्रान्त छ । बाढी प्रभावितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि देश, विदेशबाट स्वतःस्फुत रुपमा राहत सहयोग जुट्ने क्रम जारी छ । सङ्कलित राहतलाई एकद्वार प्रणालीबाट बाढी प्रभावित परिवारलाई वितरणका लागि राज्यका निकायमार्फत सहजीकरण भइरहेको छ। सरकारी निकायसँगै जनस्तरबाट बाढी प्रभावितको राहतका लागि अग्रसरता बढाइएको छ ।

# वैकल्पिक मार्गबाट सवारीसाधन सञ्चालन

काठमाडौँ। पृथ्वी राजमार्ग अन्तर्गत धादिङको कृष्णभीरमा सडक भासिएपछि काठमाडौँबाट बाहिरिने सवारीसाधनका लागि वैकल्पिक सडक प्रयोगमा ल्याइएको छ ।

त्रिशूली नदीमा गएको बाढीले सडकको तल्लो भाग कटान गरेपछि आइतबार कृष्णभीरमा करिब २० मिटर लम्बाइको सडकको आधाभन्दा बढी भाग भासिएको हो। उक्त सडक भासिएपछि पृथ्वी राजमार्गमा आइतबार बिहानैदेखि यातायात सञ्चालन प्रभावित भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथले जनाएको छ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार काठमाडौँबाट बाहिरिने सवारी साधनलाई तत्कालका लागि दुई वटा वैकल्पिक मार्गबाट सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । उहाँका अनुसार ठूला सवारीसाधन काठमाडौँ बाइरोड-नौबिसे-पालुङ-भैँसे हुँदै गन्तव्यतर्फ जान सक्नेछन् भने साना सवारीसाधन तथा माइक्रोबसका लागि फर्पिङको बाटो प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको छ ।

कान्तिलोकपथमा पहिरो गएर सडक अवरुद्ध भएकाले उक्त सडक पनि तत्काल सञ्चालनमा ल्याउन आवश्यक पहल भइरहेको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो। हामीले वैकल्पिक सडकको प्रयोगका लागि आवश्यक पहल गरेका छौँ । अवरुद्ध कान्तिलोकपथ पनि खुलाउने कार्य भइरहेको छ ।"

बाढी तथा पहिरोका कारण विभिन्न स्थानका सडक तथा राजमार्ग अवरुद्ध हुन थालेकाले ट्राफिक प्रहरीले चालक तथा यात्रुलाई सडकको अवस्था बुझेर मात्र यात्रा गर्न आग्रह गरेको छ ।

## बाढी प्रभावित क्षेत्रमा विद्युत् र सञ्चार सेवा पुनःस्थापना

काठमाडौँ । बाढी प्रभावित प्रभावित जिल्लामा अवरुद्ध भएको विद्युत् पुनःस्थापना भइरहेको ऊर्जा तथा जलस्रोत मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार बाढी प्रभावित रसुवाको कालिकास्थान, नौकुण्डको केही भाग गोसाइँकुण्ड गाउँपालिकाको वडा ५ र ६ का केही भाग गरेर सदरमुकाम धुन्चेसहित करिब ३० प्रतिशत घरधुरीमा विद्युत् पुगिसकेको छ ।

आमाछोदिङ गाउँपालिकाका केही भागमा सान्जेन जलविद्युत् आयोजनाबाट छुट्टै प्रणालीमार्फत विद्युत् सञ्चालनको तयारी भइरहेको छ । जिल्लाका बाँकी भागमा घरायसी सोलारमार्फत विद्युत् सेवाका लागि ५०० थान पोर्टेबल सोलार पठाइएको छ ।

नुवाकोट जिल्लाभर विद्युत् सेवा प्रभावित भएकामा हाल ८५ प्रतिशत क्षेत्रमा विद्युत् पुनःस्थापना भइसकेको छ ।

बाँकी १५ प्रतिशत क्षेत्रमा आगामी पाँच दिनभित्र विद्युत् सेवा उपलब्ध गरी काम भइरहेको छ । विदुर नगरपालिकाको १, ३, ५, ६, १० र ११ का केही भाग स्थान, तारकेश्वर गाउँपालिकाको १, २, ३, ४, ५ र ६ का केही भाग बेलकोटगढी नगरपालिकाको ७ र ८ र किस्पाङ गाउँपालिका भर विद्युत् पुर्याउने काम भइरहेको छ । मन्त्रालयका अनुसार धादिङका पृथ्वीराजमार्गको दायाँबायाँको क्षेत्र (गजुरी, आदमघाट, मलेखु, जहरे, मौवाखोलासम्म) प्रभावित भएकामा आमदघाटको केही क्षेत्रबाहेक धादिङको सम्पूर्ण क्षेत्रमा ९८ प्रतिशत विद्युत् सेवा पुनःस्थापना भइसकेको छ । अबको दुई दिनमा सम्पूर्ण क्षेत्रमा विद्युत् सेवा पुनःस्थापना हुने गरी काम समेत भइरहेको छ ।

सूचना तथा सञ्चार मन्त्रालयका अनुसारसञ्चार सेवा पनि अधिकांश स्थानमा पूरा भइसकेको छ । नेपाल टेलिकमका १२० बिटिएसमध्ये ११० वटा र एनसेलका ७८ मध्ये ७५ वटा टावरले सेवा प्रवाह सुरु गरिसकेका छन् ।

## जलविद्युत् आयोजनामा खोज तथा उद्धार जारी

काठमाडौँ । सरकारले रसुवा बाढीका कारण प्रभावित जलविद्युत् आयोजनामा खोज तथा उद्धार जारी राखेको जनाएको छ । नेपाली सेनाले ती आयोजनामा विभिन्न देशका विज्ञ टोलीसहित खोज तथा उद्धार गरिरहेको हो । नेपाली सेनाले दिएको जानकारीअनुसार विभिन्न जलविद्युत् आयोजनाबाट हालसम्म २७९ जनाको उद्धार गरिसकेको छ ।

नेपाली सेनाको टोलीले रसुवागढी जलविद्युत् आयोजनाबाट दुई जनाको उद्धार गरेको छ । उक्त आयोजनामा चिनियाँ र नेपाली सेनाको संयुक्त टोलीले सुरुङको भित्री भागसम्म खोजी गरेको थियो । सेनाका अनुसार रसुवाको लाङटाङ खोला र चिलिमे जलविद्युत् आयोजनाका लागि नेपाली सेनासँगै भारतीय उद्धार टोली र केही नेपाली सहयोगीहरूले सोमबार बिहानदेखि सुरुङको मुख खोल्ने काम गरिरहेका छन् । नेपाली सेनाले मैलुङ खोला जलविद्युत् आयोजनाबाट नौ जनाको उद्धार भइसकेको जनाएको छ ।

माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाबाट २५४ जनाको उद्धार भइसकेको छ । उक्त आयोजनाको सुरुङमा खोज तथा उद्धारको प्रयास भइरहेको छ । उक्त आयोजनामा नेपाली सेनासँगै कोरियन र चिनियाँ टोलीले काम गरिरहेको सेनाको भनाइ छ ।

नुवाकोट माथिल्लो त्रिशूली-श्री 'ए' को सुरुङमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको गरी ९० जनाको टोलीले खोज तथा उद्धारको प्रयास गरिरहेको छ । उक्त स्थानमा नेपाल विद्युत् प्राधिकरणको टोलीले पनि सहयोग गरिरहेको छ ।

माथिल्लो त्रिशूली-३ 'बी' जलविद्युत् आयोजना क्षेत्रबाट नेपाली सेनाले दुई जनाको उद्धार गरिसकेको छ । हाल उक्त आयोजनामा नेपाली सेनाका थप नौ जना परिचालन गरी कूल ३१ जनाले खोज तथा उद्धारको काम गरिरहेका छन् । यहाँ चिनियाँ उद्धार टोलीले रेकी गरेपछि नेपाली सेनाले खोज तथा उद्धारको प्रयास सुरु गरेको हो ।

नुवाकोटको त्रिशूली जलविद्युत् आयोजनाबाट तीन जनाको उद्धार भइसकेको छ । सौर्य आयोजनाबाट चार जनाको र देवीघाट जलविद्युत् आयोजनाबाट पाँच जनाको उद्धार भइसकेको नेपाली सेनाले जनाएको छ ।

## जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको छः प्रधानमन्त्री

काठमाडौँ । प्रधानमन्त्री बालेन्द्र शाहले सरकार बाढी प्रभावितहरुको खोज, उद्धार, उपचार, राहत र नागरिकको सुरक्षित व्यवस्थापनमा दृढता तथा सक्रियताका साथ लागिरहेको बताउनुभएको छ ।

सामाजिक सञ्जालमार्फत सोमबार प्रधानमन्त्री शाहले यस कार्यको अग्रपंक्तिमा रहेर आफ्नो ज्यानको समेत वास्ता नगरी प्रभावित क्षेत्रमा परिचालित सम्पूर्ण सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, मिडिया, विभिन्न निकायका पदाधिकारीहरुसँगै स्वयंसेवक संस्था तथा आमनागरिकको भूमिका कदरयोग्य र प्रशंसनीय रहेको उल्लेख गर्नुभएको छ । "यस अवधिमा यहाँहरुले देखाउनुभएको धैर्य, साथ, सहयोग र समन्वयप्रति हार्दिक आभार व्यक्त गर्दछौँ । विपद् व्यवस्थापनमा सङ्घीय सरकारलाई प्रदेश र स्थानीय सरकारले दिएको साथ तथा सहयोग निकै महत्वपूर्ण छ । साथै, हाम्रा मित्रराष्ट्रहरु, स्वदेशी र विदेशी सङ्घसंस्था, सञ्चारमाध्यम लगायतका सबै सरोकारवालाले देखाउनुभएको सदासयता र सहयोग अनुकरणीय छ", प्रधानमन्त्री शाहले भन्नुभएको छ ।

प्रधानमन्त्री शाहले भोटेकोशी नदीमा गएको बाढी सामान्य नभएको उल्लेख गर्नुभएको छ । "हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति हो । यस घटनाले हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको सङ्केत गरेको छ । त्यसैले यो क्षेत्र सतर्क हुनैपर्छ, सँगसँगै हामीले अन्तरराष्ट्रिय समुदायसमक्ष जलवायु परिवर्तनका कारण भोग्नु परेको विपद्को विषयबारे बलियो गरी उठान गर्नुपर्ने पनि समय आएको छ", उहाँले भन्नुभयो । सरकार अहिले प्रभावित क्षेत्रमा अझै पनि खोज र उद्धारमा केन्द्रित छ । सँगसँगै प्रभावित क्षेत्रका नागरिकका लागि राहत सङ्कलन तथा वितरण पनि सरकारको प्राथमिकतामै छ । काठमाडौँलगायत देशका विभिन्न स्थानमा सङ्घसंस्था र आम नागरिकबाट प्राप्त राहत सामग्री सङ्कलन गरी प्रभावित नागरिक समक्ष पुर्याउने काम भइरहेको प्रधानमन्त्री शाहले बताउनुभयो ।

यस कार्यमा अन्तरराष्ट्रिय जगतले पनि सघाइरहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले हालसम्म भारत, चीन, अमेरिका, युएई, कतार, जापान, स्वीट्जरल्याण्ड, अष्ट्रेलियालगायत मित्र राष्ट्रहरुबाट सहयोग प्राप्त भएको जानकारी दिनुभयो ।

"हाम्रा सुरक्षाकर्मीले हवाई र सडकमार्गमार्फत प्रभावित क्षेत्र (रसुवा, नुवाकोट र धादिङ) का चार वटा सङ्कलन केन्द्र हुँदै रसुवा र नुवाकोट जिल्लाका २७ वटा वितरण केन्द्रमार्फत तीन हजार ६९६ जना प्रभावित नागरिकसम्म पुर्याइएको छ", उहाँले भन्नुभयो । साथै प्रदेश र स्थानीय सरकार पनि सङ्घीय सरकारसँगको समन्वयमा ती केन्द्रहरुमा आश्रय तथा राहत व्यवस्थापन मा सक्रियताका साथ जुटिरहेका रहेको प्रधानमन्त्री शाहको भनाइ छ । सरकारले राहत सङ्कलन र वितरणबारे राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणाले निरन्तर जानकारी समेत गराइरहेका छ । राहत सङ्कलन तथा वितरण कति प्रभावकारी भइरहेको छ भनेर हामीले हाम्रा सचिवालयका सदस्यहरु र कर्मचारीहरुलाई समेत प्रभावित क्षेत्रमै परिचालन गरिरहेकोसमेत उहाँले उल्लेख गर्नुभएको छ । प्रधानमन्त्री शाहले बाढीका कारण प्रभावित बनेको नुवाकोटको त्रिशूलीपारिको भू-भाग पुनःसडक सञ्जालमा जोडिएको बताउनु भएको छ । गल्छी-त्रिशूली राजमार्गअन्तर्गत त्रिशूली नदीको दायाँ किनार हुँदै कल्लेरीटार, कोशीखोला, पिपलटार, दर्शनटार, छत्रेखोला र गौरीबेंसी भएर त्रिशूली बजारसम्म पुग्ने सडक सञ्चालनमा ल्याइएको छ ।

नुवाकोटका ठूलो सङ्ख्याका रहनुभएका नागरिकको सदरमुकामसँग पुनःसीधा सडक पहुँच स्थापित भएको प्रधानमन्त्री शाहको भनाइ छ । "यसबाट प्रभावित क्षेत्रहरूमा उद्धार, राहत सामग्री वितरण तथा अत्यावश्यक वस्तुको आपूर्तिमा थप सहज हुने भएको छ । रसुवा, नुवाकोटदेखि धादिङका अधिकांश स्थानका पुल भत्किएका छन् । यसले आवातजावतमा असर परेको छ । सरकारले ती क्षेत्रमा अस्थायी पुल निर्माणलाई प्राथमिकता दिएको छ । हामीसँग ४८ मिटर लम्बाइका ६ र ७० मिटरको एक थान बेलिब्रिज छ ।

अहिले तीन ठाउँ (देवीघाटको तादी नदी, त्रिशूली बजार र बेत्रावती बजार) मा बेलिब्रिज राख्ने विषयमा अध्ययन भइसकेको छ", प्रधानमन्त्री शाहले भन्नुभयो । साथै, भारत सरकारबाट २३० फिट सिङ्गल लेन मोडुलर स्टिल ब्रिज प्राप्त भएको छ । साथै, भारतले थप सात वटा बेलीब्रिज पठाउने प्रतिबद्धता जनाएको र चीन सरकारबाट ३० वटा बेलिब्रिज चाँडै प्राप्त हुने उहाँको भनाइ छ । प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रमा खोज र उद्धारसँगै सरकारले प्रभावित नागरिकलाई पुनःस्थापना कसरी गर्ने भन्नेबारे छलफल समेत अघि बढाएको उल्लेख गर्नुभएको छ ।

"हजारौं नागरिकले घर, परिवार, प्रियजन र जायजेथा गुमाउनुभएको छ । उहाँहरुले भोग्नुभएको यो पीडा सरकारले बुझेको छ । उहाँहरुको पीडामा मलहम लगाउँदै पुनःस्थापनामार्फत सामान्य जनजीवनमा पुऱ्याउनु अबको बाटो हो । उहाँहरुलाई मानसिक र शारीरिक रुपमा सशक्त बनाउँदै पुनःस्थापना गर्न सरकार लाग्नेछ ।

## सवारी व्यवस्थापनमा सहयोग गर्न आग्रह

बागमती । जिल्ला प्रशासन कार्यालय, मकवानपुरले काठमाडौँ-हेटौँडा सञ्चालन भइरहेका सवारीसाधनको आवागमनको व्यवस्थापन सहज बनाउन सम्बन्धित सबैमा आग्रह गरेको छ ।

प्रशासनका तर्फबाट प्रशासकीय अधिकृत सन्तोष सुवेदीले सोमबार सूचना जारी गर्दै पृथ्वीराजमार्गअन्तर्गत धादिङ जिल्लाको कृष्णभीरमा सडक अवरुद्ध भएको एवं मकवानपुरको हेटौँडा हुँदै विभिन्न राजमार्ग प्रयोग गरी आवागमन गर्ने सवारीसाधनको अत्यधिक चाप बढेको उल्लेख गर्नुभएको छ ।

वर्तमान अवस्थामा हेटौँडाबाट काठमाडौँतर्फ जाने अन्य वैकल्पिक मार्गहरूको क्षमता तथा यात्रुको सुरक्षा समेतलाई ध्यानमा राख्दै विगत दुई दिनको ट्राफिक व्यवस्थापनको अवस्थालाई विश्लेषण गरी सवारी आवागमनलाई सहज, सुरक्षित तथा व्यवस्थित बनाउन आग्रह गरिएको सूचनामा भनिएको छ ।

प्रशासनले १० चक्कासम्मका सम्पूर्ण मालवाहक तथा ठूला यात्रुवाहक सवारीसाधनहरू त्रिभुवन राजपथ हुँदै काठमाडौँतर्फ जान र फर्किंदा कान्ति राजमार्ग हुँदै फर्किने व्यवस्था मिलाउ आग्रह गरेको छ । मौसम, बाटोलगायत यात्रुहरूको सुरक्षालाई समेत मध्यनजर गर्दै कान्ति राजमार्ग हुँदै हेटौँडातर्फ आउने यात्रुवाहक सवारीसाधन अनिवार्य रूपमा साँझ ६:०० बजे भित्रमा मकवानपुर जिल्लाको इलाका प्रहरी कार्यालय ठिङ्गन चेकपोष्ट पार गर्न प्रशासकीय अधिकृत सुवेदीले अनुरोध गर्नुभयो ।

त्यस्तै १४ सिटभन्दा कम क्षमता भएका साना यात्रुबाहक सवारीसाधन हेटौँडातर्फ आउँदा फर्पिङ-फाखेल-कुलेखानी हुँदै भीमफेदीतर्फ आउने तथा काठमाडौँतर्फ जाँदा भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली हुँदै जाने व्यवस्था मिलाउन प्रशासनले आग्रह गरेको छ । मकवानपुरको त्रिखण्डी नजिक रहेको बेलिब्रिजको भारवहन क्षमता कमजोर रहेकाले इन्धन तथा भारी मालवाहक सवारीसाधनले उक्त बेलिब्रिज प्रयोग नगरी सँगै रहेको डाइभर्सन हुँदै जानुपर्ने सूचनामा उल्लेख छ । विपद्जन्य समय भएकोले अत्यावश्यक अवस्थामा मात्र यात्रा गर्न, कुनै पनि राजमार्गमा सवारी चालकले धैर्य एवं अनुशासनपूर्वक आफ्नो पालोमा मात्र सवारी सञ्चालन गर्न, ओभरटेक नगर्ने तथा ट्राफिक व्यवस्थापनमा खटिएका सुरक्षाकर्मी/ट्राफिक प्रहरीको निर्देशन पूर्ण रूपमा पालना गर्न प्रशासनले सबैमा आग्रह गरेको छ ।

## राज्यको सम्पूर्ण शक्ति नागरिकको जीवन रक्षा गर्न प्रभावित क्षेत्रमा खटिएको छः प्रवक्ता पोखरेल

काठमाडौँ । नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि उत्पन्न विपद्मा नागरिकको जीवनरक्षा गर्न राज्यको सिङ्गो शक्ति प्रभावित क्षेत्रमा खटिएको बताउनुभएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उहाँले विगत छ दिनदेखि राज्यको सिङ्गो शक्ति प्रभावित क्षेत्रमा खोज तथा उद्धारमा खटिरहेको बताउँदै उहाँले आफ्नो पहिलो प्राथमिकता नागरिकको जीवन रक्षा गर्नु रहेको उल्लेख गर्नुभयो ।

प्रवक्ता पोखरेलका अनुसार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका सुरक्षाकर्मीहरू रातदिन नभनी स्थलगत रूपमा खटिएका छन् । नेपाली सेना र निजी क्षेत्रका हेलिकप्टरहरू परिचालित हुनुका साथै आवश्यकतालाई मध्यनजर गरी तयारी अवस्थामा पनि राखिएको उहाँले जानकारी दिनुभयो । "जहाँ-जहाँ नागरिक फसेका छन् त्यहाँ र जहाँ हेलिकप्टर अवतरण गर्न सक्ने भौगोलिक अवस्था छ, त्यहाँ टोली तुरुन्तै पुगेर उद्धार कार्य गरिरहेको छ", उहाँले भन्नुभयो ।

सरकारका प्रवक्ता पोखरेलका अनुसार केहीबेर अघिसम्म ११ हजार ३७९ जनाको उद्धार गरिएको छ । खोज तथा उद्धारमा २१ हजार ८०० सुरक्षाकर्मी परिचालन गरिएको उहाँले जानकारी दिनुभयो । "बाढीमा परी घाइते भएका सम्पूर्ण नागरिकको काठमाडौँ र देशका अन्य अस्पताल तथा स्वास्थ्य संस्थामा निःशुल्क उपचार भइरहेको छ । उपचारपश्चात् केहीबेर अघिसम्म १६८ जना डिस्चार्ज भइसक्नुभएको छ । प्रभावित क्षेत्रमा महामारी फैलन नदिन विशेष मेडिकल टोली र औषधि परिचालन गरिएको छ । नागरिकको स्वास्थ्य र जीवन रक्षामा हामी निरन्तर लागिरहेका छौँ", उहाँले भन्नुभयो । मन्त्री पोखरेलले बाढी गएको खबर पाउनसाथ प्रधानमन्त्रीको निर्देशनमा गृहमन्त्रीसँगको समन्वयमा तत्कालै जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा सबै किमिसका सुरक्षाकर्मी परिचालन गरी उद्धार कार्य सुरु गरिएको उल्लेख गर्नुभयो । विकट ठाउँ, प्रतिकूल मौसम र बाढीका कारण हेलीकप्टर राख्ने ठाउँ खोज्न कठिन हुँदा पनि कुनै कसर बाँकी नराखी निरन्तर उद्धार कार्यलाई अघि बढाइएको उहाँको भनाइ छ ।

"सरकारले सङ्कलन गरेको राहत वितरण गर्न सकेन वा प्रधानमन्त्री कार्यालयले जिम्मेवारीबाट हात झिक्यो भन्ने कुरा पूर्णतः निराधार र भ्रामक हो । भदौ १४ गते विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखलाई बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा आउनुभएको थियो । उहाँहरूबीच राहत वितरणलाई कसरी थप प्रभावकारी बनाउने भन्ने विषयमा छलफल भएको थियो । विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार यस्तो विपद्मा नागरिकको खोज उद्धार, व्यवस्थापन तथा राहत वितरणमा प्रदेश तथा स्थानीय तहको पनि भूमिका तोकिएको छ । सोहीअनुसार काम गर्ने विषयमा छलफल भएको हो", प्रवक्ता पोखरेलले भन्नुभयो । पत्रकारलाई सूचना र पहुँचमा कुनै रोक नलगाएको उहाँले स्पष्ट पार्नुभयो । यद्यपि अहिले उद्धारका लागि हवाई सुरक्षा र अत्यधिक 'एयर ट्राफिक' का कारण एकैपटक धेरै हेलिकप्टर उडाउन सुरक्षाका दृष्टिले जोखिमपूर्ण छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com